# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।१२।२६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानीनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०७९।१२।२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | मनोज कुमार झा, (वि.अ.को मु.नं. ०७६-CR-०१२६ वि.अ.को फैसला मिति २०७९/०९/१२ | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | प्रतिवादी मनोज कुमार झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा हानि नोक्सानी भएको जम्मा विगो रु. ३५९,१३८/- कायम गरी निज प्रतिवादीलाई ऐ.को दफा १७ मा उल्लेख भए बमोजिम ऐ.को दफा ३(१) र दफा ३(१) को देहाय खण्ड(घ) बमोजिम सजाय गरी विगो रु. ३,५९,१३८/- ऐ.को दफा १७ बमोजिम निज प्रतिवादीबाट असूल उपर हुन । | <u>**फैसलाः प्रतिवादीलाई सफाई**</u><br><u>**वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः**</u><br>• गाउँ विकास विकास समितिबाट खर्च गर्न पाउने रकम मध्ये प्रतिवादीले आफ्नो नाममा रु. १,१८,२८५/- र अन्य व्यक्तिको नाउँमा पेश्की दिएको रकम रु. १,४४,४०१/- तोकिएको प्रक्रिया पुरा गरी फर्छ्यौट गर्न वा कानून बमोजिम फर-फारक गर्न वा असूल उपर गर्न सकिने नै देखिदा त्यस्तो रकमलाई हिनामिना गरेको भनि भ्रष्टाचार कायम गर्न मिल्ने देखिएन।<br>• प्रतिवादीले विल भरपाई वा प्रमाण विना खर्च लेखेको जम्मा रु. १,०६,४५२/- अनियमित तवरले खर्च गरी आफूलाई फाइदा र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरेको देखिदा सो हदसम्म प्रतिवादीले आरोपदावी बमोजिमको कसूर | • प्रतिवादीले लिएको पेश्की रु. ३,००,०००/- मध्ये गो.भौ.नं. ४२ बाट रु. ४३,४४,४५ र गो.भौ.नं. ४६ बाट फर्छ्यौट भएको रु. २,८१,७१८/- कटाई रु. १८२८५/- पेश्की फर्छ्यौट बाँकी रहेको भन्ने देखिन्छ तर मिसिल संलग्न कागजातबाट रु. १,१८,२८५/- बेरुजुको विषय भएको तर भ्रष्टाचारको विषय नभएको भन्ने आसयको विशेष अदालतको फैसलाको सन्दर्भमा भौचर नं. ४४ बाट जानकी महिला जागरण समाज नामक संस्थाले निसुल्क वितरण गरेको सुपरनेट वितरणको पत्र राखी विल भरपाई विनानै पेश्की फर्छ्यौट गरेको भनी देखाइएको रु. १,००,०००/- पेश्की फर्छ्यौट भएको मान्न सकिने अवस्था नरहेकोले उक्त रु. १,००,०००/- विल भरपाई नराखी अनियमित तवरले हानी नोक्सानी गरेको रकम र फर्छ्यौट हुन बाँकी रहेको रकम रु. १८२८५/- समेत गरी रु. १,१८,२८५/- रकम प्रतिवादीले सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको स्पष्ट रुपमा देखिएको अवस्था छ ।सो आधारमा समेत उक्त फैसलामा प्रतिवादीको नामको पेश्की मानी भ्रष्टाचारको कसुर नमानिएको फैसला सो आधारमा समेत त्रुटीपूर्ण रहेको छ ।<br>• प्रतिवादी मनोज कुमार झाले अदालत समक्ष वयान गर्दा उक्त आ.व. हरुमा आफूबाट कुनै किसिमको गलत कार्य नभएको भने पनि उक्त वयान कै क्रममा स.ज. १५ मा गाउँलेहरुको दवावमा समेत गर्नु पर्ने भएकोले मैले कतिपय कामहरु दवावमा समेत गरेको हुँ भनी वयान गरेको पाइन्छ । विल भरपाई नभएको, विना प्रमाण पेश्की दिएको भन्ने भनाई कै आधारमा उक्त अनियमित गरेको हरेक कलम पेश्की हो भन्दैमा पेश्की हुने र असूल उपर गर्न सकिने रकम हो भनी मान्न सकिने स्थिति हुदैन । खर्च भएको रकम विल भरपाईबाट पुष्टी नभएको अवस्था हुँदा हचुवाको भरमा पेश्की मानी प्रतिवादीलाई आरोपदावी बमोजिम सजाय नगरी घटी विगो कायम गर्ने गरी भएको हदसम्मको फैसला त्रुटीपूर्ण हुँदा वदर भागी रहेको छ।<br>• प्रतिवादी मनोज कुमार झाले आर्थिक अनियमितता गरेको तथ्यलाई अदालतको फैसलामा स्वीकार गरेको पाइन्छ।निज प्रतिवादीले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरेको पुष्टी हुन आयो। | अनुसन्धानको क्रममा वयान गर्दा सरकारी रकम खर्च गर्दा विल भरपाई नभएको, छुटेको भनी कुनै रकमलाई विना आधार पेश्की रकम नाम दिई गाउँलेको दवावमा काम गरेको भनी सरकारी रकम हानी नोक्सानी गरेको स्वीकार गरेको तथ्यले पुष्टी गरेको भनाईलाई प्रमाण ऐन, २०३१ को दफा ९(१) (क) बमोजिम प्रमाणमा नलिई कसूर ठहर नगरी भएको फैसला सो आधारमा समेत त्रुटीपूर्ण देखिन्छ। |